**Journal of Educational Research:**
**Shiksha Shastra Saurabh**
Journal homepage: www.ksc.edu.np/ksc-publication-details/9



# फुटपाथ मिनिस्टर कथामा सबाल्टर्न : बालमनोविज्ञानको समालोचनात्मक अध्ययन

**किसन आले मगर (कृष्णहरि)**
उप-प्राध्यापक, काठमाडौँ शिक्षा क्याम्पस
Email: kishannaale12@gmail.com

## लेखसार

*प्रस्तुत अध्ययन कक्षा ११ मा अध्यापन गराइने 'फुटपाथ मिनिस्टर' कथामा देखिएको सबाल्टर्न चेतनाको उद्घाटनमा केन्द्रित छ । सबाल्टर्न अध्ययन पुँजीवादी समाजमा व्याप्त सांस्कृतिक अध्ययनभित्रको एक नवीन सैद्धान्तिक अवधारणा हो । यसले समाजका दलित, जनजाति, महिला, अल्पसङ्ख्यक, पिछडिएका वर्ग, असहाय वर्गको प्रतिनिधित्व गर्दछ । २१ औँ शताब्दीमा पिछडीएको वर्गका आवाजलाई मुखरित गर्ने सबाल्टर्नको अवधारणा, विकास, बहुअर्थक प्रयोग, शब्दको अर्थमा देखिएको अस्पष्टता तथा कक्षा ११ मा अध्यापन गराइने फुटपाथ मिनिस्टर कथाले बालमस्तिष्कमा पार्ने प्रभावका बारेमा अध्ययन गर्नु यस अनुसन्धानको प्रमुख उद्देश्य रहेको छ । इटालीका दार्शनिक एन्टोनियो ग्राम्सीले सन् १९२९-१९३५ को बिचमा तत्कालीन फासिस्ट शासनद्वारा जेलमा बन्दी बनाइएका बेला लेखेका नोटहरू, टिप्पणीहरू र वैचारिक लेखनहरूको संग्रहमा सबाल्टर्न सम्बन्धी सिद्धान्तमा आधारित रहेर मिश्रित विधिको प्रयोग गरी अध्ययन गरिएको यो लेखले नेपाली समाजमा व्याप्त विभिन्न खाले विभेदलाई उजागर गरेको छ । कक्षा ११ मा कुल ३५ जना ऐच्छिक नेपाली विषय लिई अध्ययनरत विद्यार्थीहरु मध्ये ८६ प्रतिशतले सबाल्टर्नलाई दलित, महिला, बालबालिका र श्रमिक क्षेत्रमा कार्यरत र पछि पारिएका समूहसँग आवद्ध गरेका छन । यसैगरी ८० प्रतिशतले यसलाई मौन होइन, प्रतिरोधी समूहका रूपमा बुझेका छन् भने ८३ प्रतिशतले यसको मुख्य समस्या शक्ति संरचनामा पहुँच नहुनुलाई मानेका छन् । ८९ प्रतिशतले साहित्य, सामाजिक सञ्जाल र आन्दोलनमार्फत यसको प्रभाव बुझेका अभिव्यक्ति दिएका छन् भने ७७ प्रतिशतले सबाल्टर्न अवधारणा जटिल र बहुअर्थक भएको बताएका छन् । बहुसङ्ख्यक ९४ प्रतिशतले निरीह तथा गरिब बालजीवनको प्रतिनिधित्व गरेको महसुस गरेका छन् । प्रस्तुत कथाले सामाजिक यथार्थ उजागर गरेको धारणा ९१ प्रतिशत विद्यार्थीहरुमा रहेको देखिन्छ भने ८६ प्रतिशतले यसबाट करुणा र सामाजिक जिम्मेवारी सिकाएको बताएका छन् ।*

**Article Info/ Article History**

**OPEN ACCESS**

**Received:** September 4, 2025
**Received:** October 5, 2025
**Accepted:** December 8, 2025
**Published:** December 25, 2025
**DOI:** https://.doi.org/10.3126/sss.v25i1.90512

**Copyright and License**
© Kathmandu Shiksha Campus (KSC)

**कुञ्जी शब्द** : *सबाल्टर्न, अधीनस्थ, प्रभत्वशाली, सीमान्तकृत, उत्पीडन, प्रतिरोध, आन्दोलन*

## परिचय

कक्षा ११ को ऐच्छिक नेपाली विषयमा अध्यापन गराइने 'फुटपाथ मिनिस्टर' तत्कालीन समाजमा व्याप्त दमन, शोषण, उत्पीडन लगायतका जटिल समस्याहरुमा आधारित कथा हो । यस कथाले समाजका शोषित, पीडित सीमान्तकृत समुदायको सांस्कृतिक पक्षको उद्घाटन गर्दै मूल संस्कृतिबाट सीमान्तकृत गरिएका सबाल्टर्न वर्गको अध्ययन के कसरी गर्न सकिन्छ भन्ने विषयलाई विशेष रूपमा उठान गरिएको छ । प्रख्यात कथाकार रमेश विकलद्वारा रचित यस कथाले नेपाली ग्रामीण तथा सहरी जीवनका विभिन्न वर्गका सामाजिक, आर्थिक र भौगोलिक समस्याहरुलाई प्रस्तुत गरेको छ ( शिवाकोटी, २०७१ : २१४) । निम्न वर्गका मानिसहरुको दुःख, पीडा र सङ्घर्षलाई उजागर गर्दै त्यसबाट मुक्ति पाउनु पर्ने, सुधारवादी चेतना फैलाउने कथाकारका रूपमा परिचित छन कथाकार विकल । यसै कारण उनका कथामा नेपाली समाजको यथार्थ चित्रण र सामाजिक सुधारको स्पष्ट सन्देश पाइन्छ । कथाले सामाजिक असमानता र विसङ्गतिले निम्त्याएको कारुणिक अवस्थाको यथार्थपरक चित्रण गरेको छ । परिवारका अभिभावक गुमाएर घरबारविहीन भएका टुहुरा र असहाय बालबालिकाहरु कसरी सडकमा जीवन बिताउन बाध्य हुन्छन् भन्ने कुराको मार्मिक तथ्यलाई उजागर गरेको छ ।

सबाल्टर्न शब्दले शताब्दियौँदेखि शासक तथा शक्तिशाली वर्गद्वारा शोषित, पीडित र आवाजविहीन बनाइएका वर्गलाई जनाउँछ । यी वर्गहरु समाजको मूलधारबाट किनारामा पारिएका हुन्छन् र उनीहरुको इतिहासलाई प्रायः उपेक्षित गरिएको हुन्छ । उनीहरु आफ्नो पीडा र सङ्घर्ष व्यक्त गर्न सक्षम हुँदैनन् किनकि उनीहरुको आवाजलाई दबाइन्छ । यिनै सडक बालबालिकाहरुको अवस्थालाई सबाल्टर्नको दृष्टिकोणबाट अध्ययन गरिनुले समाजमा दबाइएका र सिमान्तकृत वर्गको वास्तविक समस्या र जीवन भोगाइलाई उजागर गर्छ । यसले समाजका शक्ति केन्द्रहरुबाट उपेक्षित भएका मानिसहरुको कथालाई महत्त्व दिन्छ र उनीहरुको सङ्घर्षलाई राष्ट्रिय मूलधारको बहसमा ल्याउने प्रयास गर्छ । "सबाल्टर्न शब्दले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ । हरेक समाजको शासक तथा शक्ति केन्द्रहरुबाट शोषित र दमित निमुखा बोल्न सक्दैनन्" (श्रेष्ठ २०६८ : ३) । तिनीहरुको आवाज सुन्ने र यस वर्गलाई केन्द्रमा राखेर साहित्यको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा सबाल्टर्न अध्ययन हो ।

### अध्ययनका उद्देश्यहरू

(क) २१ औँ शताब्दीमा शक्तिको विरोधमा उभिने एक सशक्त/उग्र आवाजका रूपमा 'सबाल्टर्न' को अवधारणालाई अध्ययन गर्नु,

(ख) 'सबाल्टर्न' शब्दको प्रयोगमा देखिने अस्पष्टता र बहुअर्थक प्रयोगलाई स्पष्ट पार्दै विश्लेषण गर्नु,

(ग) फुटपाथ मिनिस्टर कथालाई विश्लेषण गर्दै सबाल्टर्न अवधारणाले बालमस्तिष्कमा पार्ने प्रभावका बारेमा अध्ययन गर्नु ।

## सबाटर्नको अवधारणा

'सबाल्टर्न (Subaltern) शब्द ल्याटिन भाषाको Sub (अर्थात् तल, अधीन) र Alternus (अर्थात् अन्य वा वैकल्पिक) शब्दबाट बनेको हो, जसबाट subalternus उत्पन्न भएको हो, जसको अर्थ अधीनस्थ, तल्लो दर्जा वा हैसियत नभएका निम्न वा हीन व्यक्तिसमेतलाई बुझाउँछ । सुरुमा 'सबाल्टर्न' शब्द ब्रिटिस सेनामा कप्तानभन्दा तल्लो दर्जाका सैनिक अधिकृतलाई जनाउन प्रयोग गरिएको थियो । तर २०औँ शताब्दीको उत्तरार्द्ध र २१ औँ शताब्दीमा मार्क्सवाद, राष्ट्रवाद, उत्तर-औपनिवेशिक सिद्धान्त (Post-colonial Theory) र नारीवादको प्रभावमा यो शब्द सामाजिक, राजनीतिक, साहित्यिक, धार्मिक तथा आर्थिक पदानुक्रमभित्रको अधीनता (Sub-ordination) जनाउन प्रयोग गर्न थालियो ( वाग्ले, २००८) ।

यस अवधारणाले व्यक्ति, समूह, समुदाय, समाज, इतिहास तथा अन्य मानवीय अवस्थाका विविध पक्षहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अध्ययन गर्दै सामाजिक स्तरीकरणका कारण विस्थापित वा पछाडी पारिएका (Marginalized) समूहहरूको भूमिकालाई पुनः उजागर गर्ने प्रयास गर्दछ । यसमा जाति, वर्ग, लिङ्ग र धर्मका आधारमा विभेदमा परेका समूहहरू समावेश हुन्छन् । विशेषतः यस शब्दले बाह्य विजय, उपनिवेशीकरण र पश्चिमीकरणलाई प्राथमिकता दिइँदा स्वदेशी इतिहास, मूल्य र राजनीतिक संरचनामा आएको विकृति र विसङ्गतिलाई पनि संकेत गर्दछ । 'सबाल्टर्न' को प्रयोगमा एकरूपता छैन; यसमा बहुलता, विविधता र जटिलता निहित रहेको देखिन्छ ।

'सबाल्टर्न' शब्द इटालियन सामाजिक चिन्तक एन्टोनियो ग्राम्सी १९७१ को 'सांस्कृतिक प्रभुत्व सम्बन्धी विचारबाट विकसित भएको हो । ग्राम्सीले उत्पीडित वर्ग राजनीतिक प्रतिनिधित्वबाट वञ्चित गराइन्छ । उनले 'सबाल्टर्न' लाई राज्य, वर्ग, जाति, पितृसत्ता, लिङ्ग, जातीयता आदि शक्तिगत प्रभुत्वका कारण अधीनस्थ बनाइएका समूहहरूलाई जनाउँछ भन्ने उल्लेख गरेका छन् । ग्राम्सीले सन् १९२९-१९३५ देखि बेनिटो मुसोलिनीको फासिवादी शासनकालमा जेलमा रहँदा 'सांस्कृतिक प्रभुत्व' सम्बन्धी विभिन्न लेखहरुको रचना गरेका थिए । इटालीको राज्य सेन्सरसिपका कारण उनले 'प्रोलिटेरियट' को सट्टा 'सबाल्टर्न' शब्द प्रयोग गरे, जसले अवधारणात्मक रूपमा पनि व्यापक अर्थ प्रदान गऱ्यो **(वाग्ले, २००८) ।**

'सबाल्टर्न' शब्दले पुँजी र श्रम (ग्राम्सीका शब्दमा) बाहिर रहेका समूहहरूलाई समेत समेट्दै प्रभुत्वशाली व्यक्तिद्वारा हुने विभिन्न प्रकारका दमनलाई व्याख्या गर्ने गरेको छ । **य**सले ई.पी. थम्पसन (१९९१) द्वारा उल्लेखित 'कामदार वर्ग', सिमोन डे बोउभार (१९५२) द्वारा व्याख्या गरिएको 'दोस्रो लिङ्ग' को लैङ्गिक अधीनता आदिलाई पनि समेट्दछ । ग्राम्सी राज्य र संस्कृतिको सम्बन्ध बुझ्दै 'सबाल्टर्न' कसरी कुनै व्यक्ति वा समुदायलाई आधारभूत रूपमा अरूभन्दा निम्न अवस्थामा रहेको देखाउँछ भन्ने कुरामा केन्द्रित थिए । यसले भौतिक वा सामाजिक पुँजी तथा शक्तिमा पहुँचका

आधारमा हुने सम्बन्धलाई पनि जनाउँछ। त्यसैले 'सबाल्टर्न' व्यक्ति मात्र नभई सबाल्टर्नतालाई समुदाय, राष्ट्र वा कुनै विशेष विमर्श (पाठ, अभ्यास, इतिहास आदि) को अवस्थासमेतका रूपमा बुझ्न सकिन्छ (वाग्ले, २००८)।

सबाल्टर्न अध्ययनहरू मुख्यतः ग्राम्सी र मिसेल फुको (१९७२) बाट प्रेरित छन्। भारतीय सन्दर्भमा यसले औपनिवेशिक तथा उत्तर-औपनिवेशिक पाठहरूको अध्ययन गर्दै युरोपेली, अमेरिकी र भारतीय अभिजात वर्गद्वारा निर्मित राष्ट्रवादी इतिहासले दक्षिण एसियाको वास्तविक ऐतिहासिक यथार्थलाई कसरी प्रतिनिधित्व गर्न असफल भयो भन्ने कुरा उजागर गर्दछ। रणजित गुहाले भारतीय राष्ट्र "आफ्नै स्वरूपमा स्थापित हुन असफल भएको" अवस्थाको व्याख्या गर्दै 'सबाल्टर्न' लाई "दक्षिण एसियाली समाजमा वर्ग, जाति, उमेर, लिङ्ग, पद आदि कुनै पनि आधारमा हुने अधीनताको सामान्य विशेषता" का रूपमा परिभाषित गरेका छन् (गुहा, १९८३)। सबाल्टर्न अध्ययनहरूले विशेषतः इतिहास, राजनीति, संस्कृति र लिङ्गका विषयलाई जोड दिएका छन्।

सबाल्टर्न दृष्टिकोण अध्ययन गर्दा प्रश्न उठ्छ–सबाल्टर्न को हुन् ? साधारण रूपमा भन्नुपर्दा, शक्ति, अधिकार, पद, आवाज र हकमा पहुँच नपाउने समूहहरू सबाल्टर्न हुन्। प्राचीन समयमा यो राजनीतिक, आर्थिक, सामाजिक र धार्मिक क्षेत्रमा सीमित थियो, तर आज अभिव्यक्ति स्वतन्त्रता, शिक्षा, रोजगारी, जीविकोपार्जन, सांस्कृतिक अभ्यास, नैतिक निगरानी, जातीय तथा वर्गीय विवाद, रङ्गभेद आदि विषयहरू पनि यसमा समावेश छन्। समाजको शक्ति संरचना अभिजात वर्गद्वारा संस्थागत गरिएको हुन्छ, र उत्पीडित वर्ग आज त्यस संरचनाविरुद्ध आवाज उठाइरहेका छन्। मिसेल फुको (१९७२)को 'शक्ति र ज्ञान', मार्क्सको 'बुर्जुवा र प्रोलिटेरियट', दुर्खाइमको 'श्रम विभाजन' यी सबै शक्तिशाली र शक्तिहीन बिचको द्वन्द्वका उदाहरण हुन्।

'सबाल्टर्न' शब्द कहिलेकाहीँ अस्पष्ट र जटिल भए पनि यसले मूलतः शक्तिहीन, उत्पीडित र पछि पारिएका वर्गलाई जनाउँछ। गुहा (१९८३) का अनुसार, प्रत्येक सन्दर्भमा ऐतिहासिक विश्लेषण आवश्यक हुन्छ, किनकि एउटै समूह कहिले अभिजातसँग त कहिले सबाल्टर्नसँग उभिन सक्छ। यसै गरी स्पिभाक, जि.सी. १९८८) का अनुसार पितृसत्तात्मक समाजद्वारा उत्पीडित महिला र बालबालिका सबाल्टर्न हुन। उनको निबन्ध Can the Subaltern Speak ? मा उपनिवेशकर्ता र उपनिवेशित बिचको सम्बन्धलाई "सेता पुरुषले खैरो महिलालाई खैरो पुरुषबाट बचाइरहेका छन्" भन्ने दृष्टान्तबाट व्याख्या गरिएको छ।

यसरी सबाल्टर्न अवधारणा विश्वव्यापी सन्दर्भमा दलित, आदिवासी, महिला, बालबालिका, शरणार्थी, आप्रवासी श्रमिक, किसान, मजदुर आदि उत्पीडित समूहहरूको प्रतिनिधित्व गर्दछ। अन्ततः, सबाल्टर्न इतिहासकारहरू ती हुन् जसले औपनिवेशिक, ओरियन्टालिस्ट र अभिजात वर्गीय इतिहास लेखनको आलोचना गर्दै उत्पीडितहरूको पक्षबाट बोल्छन्। स्पिभाकका अनुसार सबाल्टर्न

इतिहासकारहरूले केवल वैकल्पिक कथा प्रस्तुत गर्दैनन, बरु इतिहासका स्थापित अवधारणा र सिद्धान्तलाई नै पुनर्विचार र विघटन गर्छन् ।

मानव सभ्यताको सुरुवातदेखि नै मानिसले प्रकृतिसँग जुध्दै र शक्तिशाली तथा कमजोर वर्गका बिचको द्वन्द्वसँगै इतिहासको रचना गरेको हो । यो द्वन्द्व कहिले प्रत्यक्ष त कहिले अप्रत्यक्ष रूपमा अगाडि बढ्दै आजको सभ्यतासम्म आइपुगेको छ । यस क्रममा समाजमा भएका विभिन्न क्रान्तिले शोषण र दमनको अन्त्य गर्दै सामाजिक विभेदहरुलाई हटाए पनि शक्तिशाली वर्गले आफ्नो अनुकूल नीति, नियम, सिद्धान्त, धर्म र आस्था निर्माण गर्दै आफ्नो शक्ति कायम राखी नै रह्यो । यसकै कारण समाजमा एउटा प्रभुत्वशाली वर्ग र अर्को अधीनस्थ वर्ग बन्यो । यसरी संसारलाई केन्द्र र किनारामा बाँडियो जहाँ केन्द्रमा शक्तिशाली वर्ग र किनारामा शक्तिहीन, अधिकारहीन तथा इतिहासविहीन वर्ग रह्यो । सामाजिक, राजनीतिक, भाषिक, भौगोलिक र लैङ्गिक आधारमा पछि पारिएका यस्ता वर्गहरुलाई नै समग्रमा सबाल्टर्न वर्ग भनिन्छ । उनीहरुकै बारेमा गरिएको अध्ययन नै सबाल्टर्न अध्ययन हो ।

सबाल्टर्न शब्द सर्वप्रथम इटालीका सांस्कृतिक चिन्तक एन्टोनियो ग्राम्सीद्वारा प्रयोग भएको हो । यस शब्दले सदियौंदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८ : ३) । यसरी सबाल्टर्न वर्ग भनेको हरेक किसिमले निम्न दर्जाका व्यक्ति, समूह हो र उनीहरुको समाजको आर्थिक संरचनामा महत्त्वपूर्ण भूमिका रहे पनि ती वस्तुहरुको उपभोगका दृष्टिमा चाहिँ उपेक्षित गरिएको हुन्छ । यसर्थ यो वर्ग स्वयम्ले र बौद्धिक क्षेत्रका लेखक, सर्जक र बुज्रुकहरुले सबाल्टर्न अध्ययनलाई अघि बढाएका छन् । "युगौंदेखि इतिहास लेखन गर्ने उद्देश्यले सन १९८२ देखि दक्षिण एसियामा सबाल्टर्न अभियान समूह इतिहासविद् रञ्जित गुहाको नेतृत्वमा सञ्चालन भएको हो" (श्रेष्ठ २०६८:२) । सवाल्टर्न जित्नेको मात्र नभई हार्ने, हराउने, थिचिएका, मिचिएका, उत्पीडनमा परेका तथा पारिएका वर्गको समेत खोजी गर्ने कला हो ।

नेपाली समाजमा यो वर्गको पहिचान खेती कार्यमा, सेवा तथा आगत-भागत कार्यमा, सेवक-सेविकाको रुपमा, कमैया, वादी, हलीका रुपमा रहेको देखिन्छ, जसले उत्पादनको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको विभिन्न अध्ययनहरुले देखाएको छ । नेपालमा २०६२/०६३ को जनआन्दोलन पछि कानुनी रुपमा यी वर्गले मुक्ति पाए पनि बेला-बेला अवशेषका रुपमा विभिन्न रुपमा अझै पनि नेपाली समाज सवाल्टर्नबाट मुक्ति पाउन सकेको छैन । नेपालको ग्रामीण भेग र खास गरी पानी नचल्ने भनिएका दलित, गरिब, अपहेलित तथा परम्परादेखि अँगाल्दै आएका पेसा, व्यवसायको आधारमा तिनका बालबच्चा समेतलाई बलपूर्वक गराइएका कतिपय कार्यहरु जस्तैः सिनो नफाल्दा पाएका उत्पीडन, बोक्सीको नाममा मानव मलमुत्र खुवाउने अमानीय घटनाहरु नेपाली समाजमा अझै कलङ्कको रुपमा रहेको छ । यसरी सीमान्तकृत बनाइदै आएको तथ्यलाई प्रस्तुत गर्ने

उद्‌देश्यले यो वर्गको इतिहास लेखनमा यो समूहले प्रमुख जोड दिएको पाइन्छ (श्रेष्ठ, २०६८:२) । सबाल्टर्न अध्ययनको प्रमुख उद्‌देश्य सामाजिक इतिहासको पुनर्लेखन गर्नु रहे पनि पछिल्लो समस्या इतिहासबाट राजनीति, समाजशास्त्र, अर्थशास्त्र हुँदै साहित्यिक अध्ययनसँग सम्बन्ध गाँस्न आइपुगेको देखिन्छ । सबाल्टर्न अध्ययनलाई सर्वप्रथम साहित्यिक रूप दिने काम समाजशास्त्री तथा इतिहासविद् गायत्री चक्रवर्ती स्पिभाक हुन् । उनको *क्यान दि सबाल्टर्न स्पिक* विश्वप्रसिद्ध लेखमा उनले बङ्गाली लेखिका महाश्वेता देवीको कथाहरुको समीक्षा गरेर यस विषयलाई अघि बढाएकी थिइन् । यसबाट साहित्यिक अध्ययनमा सबाल्टर्नले प्रवेश गरेको हो (सुवेदी २०६८ : १३२) ।

यस क्षेत्रमा कलम चलाउने अन्य विद्‌वान् तथा समीक्षकका रूपमा तारालाल श्रेष्ठलाई लिन सकिन्छ । उनले 'शक्ति, स्रष्टा र सवाल्टर्न' का माध्यमबाट नेपाली साहित्यको विधामा सबाल्टर्नको अध्ययन गरेर नेपाली साहित्यको सबाल्टर्न अध्ययनलाई साहित्यिक रङ्ग दिएका छन् । उनले आफ्नै पुस्तकमा सबाल्टर्नका विषय आफ्ना अभिमत राख्दै भनेका छन् - "कर्णालीका विधवा महिला सबाल्टर्न हुन्" (श्रेष्ठ, २०६८ : २२) । संसारका सबै र परिवर्तनमा सबाल्टर्न वर्गकै गहन भूमिका रहेपछि र उनीहरु नै समाजका हरेक संलग्न कार्यमा भएर पनि सधैं उपेक्षित छन् । तसर्थ सबाल्टर्न अध्ययन गर्नेले विशिष्ट उपेक्षित इतिहासका सबै कालखण्डहरुको अध्ययन गर्नुपर्छ भन्ने मान्यता राखेको पाइन्छ । साहित्यका क्षेत्रमा पनि यी वर्गका उपस्थिति र कार्य अपरिहार्य छ । सबाल्टर्न वर्गकै कथाव्यथाको प्रस्तुति र विश्लेषणबाट साहित्यमा साहित्यिक भावसज्जाको निर्माण भएको हुन्छ । यसै सम्बन्धमा साहित्य बहुआयामिक क्षेत्र भएकाले एकतर्फी ढङ्गले सोच्नु पनि हुन्न । साहित्य यस्तो वस्तु हो जहाँ मानकहरु निर्माण हुन्छ र त्यसको विनिर्माण पनि हुन्छ । सबाल्टर्न अध्ययन अर्थविहीन, इतिहास विहीनलाई यसै प्रक्रियाबाट प्रभावकारी स्थान दिने प्रयत्न गरिएको छ (श्रेष्ठ, २०६८ : २४ ।

सन् १९८२ यतादेखि रञ्जित गुहा, गायत्री चक्रवर्ती स्पिभाक आदिद्‌वारा अभियानकै रूपमा थालिएको र विश्वव्यापी मान्यता र लोकप्रियता हासिल गर्दै गएको छ । साहित्यमा यसको निश्चित सैद्‌धान्तिक अवधारणा निर्माण भई नसके तापनि सबाल्टर्नको पहिचान, प्रतिनिधित्व र प्रभुत्व चेतना, सबाल्टर्नका आवाज आदि मूलभूत कोणबाट कृतिको सबाल्टर्न अध्ययन गर्न सकिन्छ। प्रस्तुत अध्ययनमा यिनै मूलभूत ढाँचाहरुलाई विश्लेषणको मूल आधारका रूपमा सापटी लिई विश्लेषण गरिएको छ ।

## पूर्व साहित्यको सिंहवलोकन

### समकालीन नेपालमा उग्र (Redical सबाल्टर्न आवाज

**(क) नेपाली सिनेमामा सबाल्टर्न** ले नेपालको फिल्म उद्योगलाई माध्यम बनाएर सबाल्टर्न चेतना, प्रतिरोध र प्रतिनिधित्वलाई उजागर गरेको छ । यस एक दशक लामो माओवादी जनयुद्ध अघि र त्यसपछि परिवर्तनशील राजनीतिक-सांस्कृतिक परिदृश्यभित्र सबाल्टर्न प्रतिरोधका विभिन्न

आयामहरूलाई विश्लेषण गर्दछ । फिल्महरू जस्तै नुमाफुङ्ग, बाटोमुनिको फूल, उमा आदिमा वर्ग, जाति, लिङ्ग तथा जातीय विभिन्नतालाई केन्द्रमा राखेर सबाल्टर्न आवाजको स्वरूप र आत्म-गठन देखाइएको छ (श्रेष्ठ र अन्य, सन् २०२१) ।

### (ख) लोकसाहित्य तथा दोहोरी गीतमा सबाल्टर्न

लोक साहित्यको एक रूप नेपाली दोहोरी गीतले समेत नेपाली समाजमा विद्यमान विभेद तथा पीडक, शोषित, उत्पीडित समुदायहरूको पीडा, दुःख र अधीनस्थ जीवनलाई मौखिक शैलीमार्फत दर्साएको छ । यसले मौखिक परम्परामा विद्यमान सामाजिक असमानता र सबाल्टर्नका अनुभवजन्य कथाहरूलाई उजागर गर्दछ (वाग्ले, २०२३) ।

### (ग) मसान' नाटकमा नारी सबाल्टर्न

**प्रसिद्ध नाटककार गोपाल प्रसाद रिमालद्वारा रचित नेपाली नाटक** 'मसान' नाटकमा नारी सबाल्टर्नको स्थिति र विद्रोहलाई पाठ्य-सांस्कृतिक दृष्टिले विश्लेषण गरिएको छ । अध्ययनले पुरुष सत्तात्मक संरचना, सामाजिक र पारिवारिक दबाबले महिला सबाल्टर्नलाई कस्तो गरी सीमित बनाइदिएको छ र कसरी सामाजिक हिंसा र कुसंस्कार विरुद्ध विद्रोहको चेतना उत्पन्न हुन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेको छ (मरहट्ठा, २०२३) ।

### (घ) दलित प्रतिरोध र प्रतिनिधित्व

प्रस्तुत लेखले दलित, छुवाछुत र सामाजिक बहिष्करण विरुद्ध उत्तर-विमर्शको प्रस्तुति गरेको छ । यसमा कविताहरूले प्रतिनिधित्व गरी दलित समुदायले कसरी परम्परागत सामाजिक विभेद तथा अमानवीय अभ्यासहरूको विरुद्ध आवाज उठाएका छन् (मग्राती र विष्ट, २०२५) ।

### (ङ) शक्ति र वर्गीय संरचनाको विश्लेषण

नेपालको सामाजिक संरचनामा शक्ति, वर्ग, जाति र अधिकारहरूको अन्तरक्रियाले कस्तो प्रकारको सामाजिक विभेदलाई प्रस्थापित गरेको छ भन्ने विषयमा गहिरो विश्लेषण गरिएको छ । यस अध्ययनले सामन्ती र सामाजिक-आर्थिक विभेदका कारण उत्पन्न सबाल्टर्न स्थितिहरूलाई आधुनिक सन्दर्भमा बुझ्न मद्दत गर्दछ ।

## अध्ययन विधि

यस अध्ययनमा प्राथमिक स्रोतको रुपमा काठमाडौं शिक्षा क्याम्पसमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूमा सबाल्टर्नका विभिन्न पक्षसम्बन्धी बुझाइ संकलन गर्न परिमाणात्मक अनुसन्धान विधि विधिमा आधारित छ । आवश्यक तथ्याङ्क सङ्कलनका लागि बहुविकल्पीय प्रयोग गरिएको छ । प्रश्नहरू सबाल्टर्नको अर्थ, भूमिका, समस्या, प्रतिनिधित्व, शक्ति सम्बन्ध, भाषा, साहित्य तथा सामाजिक

सन्दर्भसँग सम्बन्धित गरी तयार गरिएका थिए। विद्यार्थीहरूको प्रतिक्रिया पूर्वनिर्धारित विकल्पहरूमध्ये चयन गराई सङ्कलन गरिएको छ। प्राप्त तथ्याङ्कलाई प्रतिशतका आधारमा विश्लेषण गरी विद्यार्थीहरूको समग्र अवधारणात्मक बुझाइ मूल्याङ्कन गरिएको छ।

यसै गरी द्वितीय सामग्रीको रुपमा रमेश विकलद्वारा रचित फुटपाथ मिनिस्टर कथामा सबाल्टर्नले बालमनोविज्ञानमा पारेको असर बारे विवेचना गरिएको छ। पुष्ट्याईको रुपमा यससँग सम्बन्धित विभिन्न लेख, रचना, गीत, सङ्गीत, सिनेमा, लोकगीत तथा सांस्कृतिक, धार्मिक एवम् अन्य पौराणिक अवधारणाहरुलाई समेत स्रोत सामग्रीको रुपमा लिई वर्णात्मक विधिद्वारा विवेचना गरिएको छ। कथाकार रमेश विकलद्वारा लिखित फुटपाथ मिनिस्टर कथालाई प्राथमिक स्रोत र कथा विश्लेषणका लागि प्रसिद्ध साहित्यकार ग्राम्सीद्वारा प्रतिपादित सैद्धान्तिक अवधारणालाई द्वितीयक स्रोतका सामग्रीका रूपमा प्रमुख रुपमा प्रयोग गरिएको छ। वर्णात्मक तथा गुणात्मक दुबै ढाँचामा संरचित प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय पद्धतिबाट गरिएको छ भने तिनको आवश्यक व्याख्या, विश्लेषण भाषिक वर्णन तथा कथाका विभिन्न साक्ष्यहरुबाट पुष्टि गरिएको छ।

## परिणाम तथा छलफल

कुनै पनि सिद्धान्त तथा आधारविना कथामा सबाल्टर्न पहिचान गर्न सकिदैन। त्यसैले सबाल्टर्न पहिचानका लागि प्रसिद्ध साहित्यकार ग्राम्सीद्वारा अघि सारिएका सांस्कृतिक अध्ययनभित्रको नवीन सैद्धान्तिक अवधारणा सबाल्टर्न सिद्धान्तलाई मुख्य आधार बनाइएको छ। यस अध्ययनमा सबाल्टर्न पहिचानका लागि आवश्यक सिद्धान्तलाई विभिन्न उपशीर्षकहरुमा चर्चा गरिएको छ।

### *'फुटपाथ मिनिस्टर' कथाको आख्यान सन्दर्भ*

प्रस्तुत कथा आमाबाबु नभएका टुहुरा बालबालिकाहरु सहरी सभ्यतामा कसरी जीवन गुजारा गर्छन् भन्ने कथ्यमा आधारित छ। यस कथामा ज्ञान शक्तिका आडमा ती पीडित र शोषितहरु विसङ्गति र सामाजिक असमानताको सिकार कसरी बन्दछन् भन्ने विषयवस्तु समेटिएको छ। अभिभावक गुमाउँदा राज्यले आफ्नो जिम्मेवारीमा नसमेटेको सडक बालबालिकाहरु कसरी बाँच्न विवश छन् भन्ने वास्तविकतालाई कथाले आम पाठकमाझ उजागर गरेको छ।

यस अध्ययनमा प्रभुत्वशाली वर्गद्वारा संवेदनहीन व्यवहारले किनारामा पारिएका अधीनस्थ वर्गका अमानवीय जीवन जिउन बाध्य वेसाहाराहरुको अवस्था चित्रित छ। सडकमा मागेर खाने त्यहीँ उनीहरुको आफ्नो छुट्टै संसारको कारूणिक चित्र कथामा देखाइएको छ। ती असहाय केटाकेटीहरु यौवनावस्थामा प्रवेश गर्दाका क्षण र यौन शोषण आदि समस्या कथामा विवेच्य भएर रहेका छन्। शक्ति र ज्ञानका आडमा मगन्ते उपनाम पाएका पीडित बालबालिकाहरुको नसुनिएको आवाजलाई

कथाले कारुणिक तरिकाले प्रस्तुत गरेको छ । गाँस, बास र कपासको सामान्य आधारभूत आवश्यकता उनीहरुको कल्पनाभन्दा बाहिरका विषय हुन् । यसरी राज्यद्वारा वास्ता नगरिएका ती बालबालिकाहरु कथामा जीवन गुजारा गर्नका लागि भौँतारिरहेको देखाइएको छ । चेतनाको वृद्धिसँगै उनीहरुलाई पनि सफा लुगा लगाउने, मिठो खाना खाने, सिनेमा हेरेर मनोरञ्जन लिने चाहनाले सताएको छ । त्यसकै लागि सडक छाडेर होटेलको कामदार हुन पाएकोमा सुखद अनुभूति गर्न थालेको कथ्य सन्दर्भ यस कथामा रहेको देखिन्छ । यसरी सीमान्तकृत गरिएका, राज्यले वास्ता नगरेका यस कथाका पात्रहरु सबाल्टर्न अध्ययनभित्र समेटिएका छन् (शिवाकोटी, २०७१ : २१६) ।

## *वर्गीय आधारमा सबाल्टर्न*

'फुटपाथ मिनिस्टर' कथामा अभिभावक गुमाएका **गोरे, जघने, भोटे, टिकी** जस्ता बालबालिकाहरु सबाल्टर्न वर्गको रूपमा चित्रण गरिएका छन् । यस कथाका पात्रहरु वास्तविक रूपमा निमुखा र सबैभन्दा तल्लो तहमा पारिएका पात्र हुन् । यस कथाका पात्रहरु वर्गीय दृष्टिले सबाल्टर्न हुन् । शाह वंशीय तत्कालीन राजा पृथ्वी नारायण शाह (सन १७४३-१७६८) ले नेपाल चार वर्ण र छत्तीस जातको साझा फूलबारी रहेको धारणा व्यक्त गरेको इतिहासहरुमा पाइन्छ । यसले तत्कालीन समाजमा समेत सवाल्टर्नको अवस्थालाई चित्रण गर्दछ । यसरी नेपाली समाज परापूर्व कालदेखि विविध वर्गमा विभाजित थियो, छ र रहिरहने छ । यो वर्गले पहिलेदेखि नै सामन्ती टाठाबाठाहरुबाट शोषण र उत्पीडिन खेप्दै आएका विभिन्न लेख रचनाहरु तथा टुहुरा गोरे, जघने जस्ता पात्रहरुको न त बस्ने घर छ, न त खाने अन्न, न त लाउने व्यवस्था नै छ । सबै कारणबाट यो वर्ग बञ्चित छ । सडक नै उनीहरुको घर हो । विचल्ली भएर सहर पसेर मागेर खाने यी सबाल्टर्न पात्रहरु कसरी घृणित र अपमानित अनि सीमान्तकृत भएर जिउनु परिरहेको छ । त्यस तथ्यलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> *"उसकी आमा त धेरै पहिले कहिले हो कहिले गइसकेकी थिइन् । एक दिन बाबु पनि अचानक मरिदिएछन् । अनि त जालझेल र प्रपञ्चद्वारा लखेटिएका गोरे, गाउँ छोडेर सहर पस्यो । एक दिन रनभुल्लमा परेर रानीपोखरीको डिनको फुटपाथमा उभिन पुगेथ्यो (पृ. ६३) ।"*

यो साक्ष्यहरुबाट के प्रस्ट हुन्छ भने अभिभावक गुमाएका बालबालिकाहरु बाँच्नका लागि बाध्य छन् भन्ने तथ्यलाई पुष्टि गर्दछ । समाज, राज्यले टुहुरा बालबालिकाप्रति कुनै प्रकारको जिम्मेवारी महसुस गर्दैन । समाज, राज्य र गन्यमान्यहरु मानवीय संवेदनाहीन शून्यभावले उनीहरुको विवशताको मूक दर्शक बन्दै ठुला ठुला भाषण ठोकेर हिडिँरहेका छन् ।

### *जातीयता आधारमा सबाल्टर्न*

नेपाली साहित्यमा सबाल्टर्न वर्गको प्रतिनिधित्व गर्ने अर्को महत्त्वपूर्ण आधार जातीयता हो । यसले नेपाली समाजको विभाजनलाई प्रतिविम्बित गर्दछ । प्रस्तुत कथामा जातीयतामा आधारित सबाल्टर्नको पक्ष प्रत्यक्ष रूपमा बलियो नदेखिए पनि केही पात्रहरुको नामकरण र सम्बोधनले यस पक्षलाई सूक्ष्म रूपमा उजागर गरेको छ । कथामा गोरे, जघने जस्ता पात्रहरुलाई नाममा 'एकार' जोडेर बोलाइएको छ, जसले उनीहरुको सीमान्तकृत अवस्थालाई जनाउँछ । यसै गरी भोटे नामक पात्रलाई त नाम नै नदिई उनको जातको आधारमा मात्र सम्बोधन गरिएको छ । यसले उनलाई सीमान्तकृत पात्रको रूपमा प्रस्तुत गर्दछ । यसलाई कथाको एउटा अंशले यसरी पुष्टि गर्न सकिन्छ **"भोटेले भन्यो, म एक्लै छु तै पनि पुलिसले कतिपल्ट लखेटिसक्यो । चिम्टे, टिकी, घैटे कोही पनि छैनन् म एक्लै छु (पृ.६५) ।"** यस कथनले सबाल्टर्न वर्गभित्र पनि भोटे एक्लो र असहाय भएको चित्रण गर्दछ । यसरी, 'फुटपाथ मिनिस्टर' कथामा जातीयतालाई सबाल्टर्न पात्रहरुको निर्माणको आधार बनाइएको छ ।

### *लैङ्गिकताका आधारमा सबाल्टर्न*

सबाल्टर्न वर्गको पहिचानको अर्को महत्त्वपूर्ण आधार लैङ्गिकता हो । **'फुटपाथ मिनिस्टर'** कथामा किशोरी पात्र टिकीको भूमिकालाई सूक्ष्म तर सशक्त रूपमा प्रस्तुत गरिएको छ । टिकीको चरित्रले लैङ्गिक असमानता र शोषणको यथार्थ चित्रण गरेको छ । यस कथामा टिकीलाई सडकमा बस्ने अन्य किशोर पात्रहरुबाट हुने शारीरिक शोषणको समस्याबाट ग्रसित भएको देखाइएको छ । सुरुमा जघनेले टिकीमाथि शोषण गर्छ र टिकी मन नपराईकन उसको दुराचारलाई सहन बाध्य हुन्छिन् । पछि गोरेको आगमनपछि उसले पनि टिकीमाथि अधिकार जमाउन खोज्छ । यसरी कथामा सडकमा बस्ने किशोरीहरुको दयनीय र पीडादायी जीवनको सबाल्टर्न अवस्थालाई मार्मिक ढङ्गबाट स्पष्ट पारिएको छ । यस भनाइलाई कथांशमा टिकी मार्फत यसरी प्रस्ट पारिएको छ : **"त्यो जघने मोरो त साह्रै बदमास छ, मागेको पैसा पनि लुट्छ, म जहाँ गए पनि लखेटिरहन्छ उसकै स्वास्नी जस्तो । मलाई त्योसँग सुत्न पनि मन लाग्दैन** (पृ.६५) ।" यस कथनले टिकी यौन शोषणको सिकार भएकी र उनको कारुणिक तथा निरीह अवस्थालाई स्पष्ट पार्दछ । यसर्थ लैङ्गिक आधारका कारण टिकीलाई कथामा एक सबाल्टर्न पात्रको रूपमा प्रस्तुत गरिएको छ ।

### *कथा लेखक रमेश विकलको सबाल्टर्नप्रतिको दृष्टिकोण*

विकलद्वारा रचित 'फुटपाथ मिनिस्टर' कथा प्रगतिशील कथाहरुमध्ये यो कथा एक उत्कृष्ट हो । उनी एक सबाल्टर्न-मैत्री कथाकार पनि हुन् । यस कथामा उनले पात्रहरु **गोरे, जघने, टिकी र भोटे** जस्ता सीमान्तकृत वर्गका पात्रहरुको पक्षमा आफ्नो अभिमत प्रकट गरेका छन् । मध्यम वर्गीय पृष्ठभूमि भए पनि लेखकको यिनै पात्रहरुको दयनीय अवस्थाप्रति गहिरो सहानुभूति रहेको देखिन्छ ।

यसै सहानुभूतिका कारण उनले यो कथा लेखेको अनुमान गर्न सकिन्छ। कथामा गोरेको प्रसङ्गमा गरिएको टिप्पणीले लेखकको दृष्टिकोणलाई अझ स्पष्ट पार्दछ। **"एघार वर्षको गोरेले यो फराकिलो संसारको विचित्र कोलाहलको माझमा एकदिन आफूलाई बिलकुल असहाय र एक्लो उभिएको पाएथ्यो (पृ. ६६)।"** यो कथनबाट के स्पष्ट हुन्छ भने मार्क्सवादको आदर्शलाई आत्मसात् गर्दै प्रगतिशील कथा लेख्ने विकल यस कथामा सिर्जना गरिएका सबाल्टर्न पात्रहरुको अवस्था र सङ्घर्षप्रति पूर्ण रूपमा पक्षधर रहेका छन्। उनको लेखनकलाले यी पात्रहरुको पीडा र एक्लोपनलाई मात्र देखाउँदैन, बरु समाजले उनीहरुलाई कसरी सीमान्तकृत गरेको छ भन्ने यथार्थलाई पनि प्रस्ट पारेको छ।

## *प्रभुत्वशाली संस्कृतिको प्रभाव*

'फुटपाथ मिनिस्टर' कथामा प्रभुत्वशाली संस्कृतिको प्रभाव सबाल्टर्न पात्रहरुमा स्पष्ट रूपमा पारेको देखिन्छ। यसको उदाहरण गोरे र जघने जस्ता पात्रहरुको व्यवहारमा पाइन्छ। जब जघनेले गोरेलाई 'तँ के हेर्न आएको, तेरो ठाउँ हो त... (पृ.६७)' भन्दै उसको कठालो समात्न खोज्छ, यसले सबाल्टर्नहरुभित्र पनि एकअर्कालाई दबाउने र प्रभुत्व जमाउने चाहना रहेको देखाउँछ। यस व्यवहारले सबाल्टर्न पात्रहरु प्रभुत्वशाली वर्गको अधीनस्थ संस्कृतिबाट प्रभावित भएको र उनीहरुले आफूमाथि भएको दमनलाई नै एकअर्कामा प्रयोग गर्न थालेको कुरा स्पष्ट पार्दछ। यसको अर्थ उनीहरुले शक्तिशाली वर्गको संस्कृति र व्यवहारलाई आत्मसात् गरेका छन् र आफू पनि त्यस्तै शक्तिशाली बन्ने प्रयासमा छन्। यसले समाजमा स्थापित प्रभुत्वशाली संस्कृतिलाई अप्रत्यक्ष रूपमा समर्थन गरेको देखिन्छ।

यसरी कथाले सबाल्टर्न वर्गका पात्रहरु केवल पीडित मात्र नभई, प्रभुत्वशाली संस्कृतिको नक्कल गर्दै आफैँभित्र पनि शक्ति संरचना निर्माण गर्न खोज्दैछन् भन्ने जटिल यथार्थलाई प्रस्तुत गरेको छ। यसले सबाल्टर्न अध्ययनको एउटा महत्त्वपूर्ण पक्षलाई कसरी तल्लो तहसम्म शोषण र प्रभुत्वको चक्र फैलाएका हुन्छन् भन्ने तथ्यलाई स्पष्ट पारेको छ।

## *कथामा देखिएको सबाल्टर्नको आवाज*

कथाकार विकलले यस कथामा सामाजिक विसङ्गतिका कारण उब्जिएका समस्याहरुलाई सूक्ष्म ढङ्गबाट उठान गरेका छन्। समाजका हुने खाने, ठालु तथा प्रभुत्वशाली वर्गका अगाडि गोरे, जघने, भोटे, टिकी, चिम्टेजस्ता सबाल्टर्न पात्रहरु बोल्न सक्ने अवस्थामा छैनन्। सबाल्टर्नका तर्फबाट लेखकले आफै बोलेका छन्। सबाल्टर्नहरु मौन संस्कृतिका रहेका छन्। "गोरेलाई कहाँ जाऊँ र के गरौँ भइहेको थियो। सहरमा चिने जानेका इष्टमित्र पनि त कोही थिएनन्। ऊ के गरोस् अब ? उसलाई एकै पटक रुन मन लागेर आयो अनि त्यहाँ आँसुले भरिएका आँखाले उसले आफ्नो वरिपरि हेऱ्यो (पृ.६३)।" यस कथनबाट के स्पष्ट हुन्छ भने कथामा सबाल्टर्न पात्रका पक्षमा

लेखकले नै आवाज उठाएका छन् । सबै सबाल्टर्न पात्रहरु मौन छन् । सबाल्टर्न पात्रहरुले प्रतिरोध तथा प्रतिक्रिया केही गरेका छैनन् । तसर्थ ''यस कथामा सबाल्टर्न स्वयम् आवाज र सर्तहरु बोल्नमा सिपालु हुन सकेका छैनन् । पात्रहरु बाचल हुन नसक्नुका पछाडि तत्कालीन विसङ्गत सामाजिक परिवेशले प्रमुख भूमिका खेलेको देखिन्छ (शिवाकोटी, २०७१ : २२१) ।'' यो संसारमा टुहुराहरुको आफ्नो भन्ने कोही छैन । उनीहरु जसरी भए पनि बाँच्नु छ । उनीहरुको यस्तो दयनीय अवस्थालाई कसैले पनि सम्बन्धित निकायसामु पु¥याएका छैनन् । विभिन्न साहित्य मार्फत भए पनि साहित्यकारहरुले ती सबाल्टर्नहरुका पक्षमा आवाज उठाएका छन् । यो नै लेखकीय सवाल्टर्नप्रतिको आवाज हो ।

## *कथामा सबाल्टर्नको प्रतिनिधित्व र प्रभुत्व*

'फुटपाथ मिनिस्टर' कथामा लेखकले टुहुरा बालबालिकालाई सबाल्टर्न पात्रका रूपमा सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । यी पात्रहरु जस्तै **गोरे, जघने, टिकी र भोटे,** सामाजिक विसङ्गतिका कारण नारकीय जीवन बिताउन बाध्य छन् । उनीहरु दुर्गन्धित र असुरक्षित स्थानमा सुत्छन् । मागेर जीवन निर्वाह गर्छन्। कुनै पनि आधारभूत मानवीय अधिकारबाट उनीहरु वञ्चित छन् । कथामा वर्णित यस्ता घटनाहरुले सबाल्टर्नको दयनीय अवस्थालाई प्रत्यक्ष रूपमा चित्रण गरेको छ । उनीहरुको न बस्ने बास छ, न खाने गाँसको ठेगान छ, न त उनीहरुको हेरचाह गर्ने कुनै आफन्त नै छन् । यसरी लेखकले कथाभरि सबाल्टर्नको बलियो उपस्थिति देखाएका छन् । कथामा 'भोक लाग्यो । लौन हजुर । एक पैसा' (पृ.६४) । जस्ता कथनले उनीहरुको निरीह अवस्था र दैनिक सङ्घर्षलाई अझ स्पष्ट पारेको छ । यी पात्रहरुको माध्यमबाट कथाकारले सीमान्तकृत वर्गको पीडा, उनीहरुको आवाजविहीनता र समाजको उपेक्षालाई प्रस्तुत गरेका छन् । उनीहरुलाई समाजले कसरी किनारामा धकेलेको छ र उनीहरुको जीवन कति कष्टकर छ भन्ने यथार्थलाई कथाले गहिराइमा पुगेर प्रस्तुत गरेको छ । त्यसैले यो सबाल्टर्न वर्गको जीवन र सङ्घर्षको प्रतिनिधित्व गर्ने एक सशक्त कथा हो भन्न सकिन्छ ।

## *ज्ञान र शक्तिको सम्बन्धमा सबाल्टर्न*

'फुटपाथ मिनिस्टर' कथाका पात्रहरु समाजद्वारा लत्याइएका र हेला गरिएका सबाल्टर्न पात्र हुन् । समाजमा उनीहरुको कुनै मूल्य र मान्यता छैन । उनीहरुले आफ्ना अभिभावक गुमाएपछि समाजले उनीहरुको जिम्मेवारी लिन अस्वीकार गरेको छ । यसले गर्दा उनीहरु सीमान्तकृत हुन बाध्य भएका छन् । समाजको शक्तिशाली वा केन्द्रमा रहेको वर्गले सधैं आफ्नो प्रभुत्व कायम राख्न खोज्छ र कमजोर वर्गलाई आफूसँग बराबर हुन दिँदैन । यो वर्गले आफूलाई ज्ञानको प्रतिपादक र सत्यको वाहकका रूपमा प्रस्तुत गर्दै सीमान्तकृत वर्गलाई अज्ञानी र अबुझको संज्ञा दिई आफू अनुकूल काम गराउँछ । शक्ति र प्रभुत्वको आडमा यो वर्गले आफूलाई फाइदा हुने नियम कानुन बनाउँछ ।

कथाको गोरे नामक पात्रलाई पनि यस्तै जालझेल र षड्यन्त्रका कारण गाउँ छोडेर सहर पस्न बाध्य पारिएको थियो । सहरमा पुगेर ऊ रानीपोखरीको डिलमा असहाय अवस्थामा उभिन पुग्छ । यस कथनले यो तथ्यलाई पुष्टि गर्दछ कि जो शक्तिमा रहेको हुन्छ, उसकै ज्ञानको बोलवाला चल्छ र कमजोरको कुरा कसैले सुन्दैन । यसरी कथाले समाजमा उच्च वर्गले निर्माण गरेको ज्ञानलाई अकाट्य सत्यको रूपमा कसरी स्थापित गरिन्छ भन्ने वास्तविकतालाई स्पष्ट पारेको छ ।

**तालिका १** फुटपाथ मिनिस्टर कथाबाट सबाल्टर्न सम्बन्धी अवधारणामा विद्यार्थीको बुझाइ

| क्र.सं. | प्रमुख विषय | प्रतिक्रिया | सहभागी विद्यार्थी | बुझाइको प्रतिशत | व्याख्या |
|---|---|---|---|---|---|
| १ | सबाल्टर्नको मूल अर्थ बोध | पछाडी पारिएका समुदाय वा वर्ग | ३० | ८६ | अधिकांश विद्यार्थीले सबाल्टर्नलाई दलित, महिला, बालबालिका, श्रमिक जस्ता समूहसँग जोडेर बुझेका छन्। |
| २ | २१ औँ शताब्दीमा सबाल्टर्नको अवस्था | शक्तिको विरोधमा उभिने सशक्त आवाज | २८ | ८० | सबाल्टर्न अब मौन होइन, अचेत र पतिरोधी समूह हो भन्ने बझाई देखिन्छ । |
| ३ | शक्ति र शक्तिविहीनता बिचको द्वन्द्व | सत्ता तथा निर्णाय प्रक्रियामा निर्णायक भूमिका नहुनु | २९ | ८३ | सबाल्टर्नको मुख्य समस्या शक्ति संरचनामा पहुँच नहुनु हो । |
| ४ | सबाल्टर्नको आवाज व्यक्त हुने माध्यम | साहित्य मिडिया र सामाजिक आन्दोलन | ३१ | ८९ | साहित्य, सामाजिक सञ्जाल र आन्दोलनलाई प्रभावकारी माध्यम ठानेका छन् । |
| ५ | सबाल्टर्न शब्दको अस्पष्टता | बहुआयामिक र सन्दर्भ अनुसार अर्थ बदलिने | २७ | ७७ | अवधारणा कमजोर नभई जटिल र बहुअर्थक भएको बुझाइ |
| ६ | फुटपाथ मिनिस्टरका पात्रका वर्गीय पहिचान | सडक जीवन बिताउने पिछडिएका बालबालिका | ३३ | ९४ | कथाले वास्तविक सबाल्टर्न बालजीवनलाई प्रतिनिधिन्व गरेको ठहर |
| ७ | कथामा सबाल्टर्न प्रस्तुति | यथार्थ जीवनको चित्रण | ३२ | ९१ | कथाले मनोरञ्जनभन्दा सामाजिक यथार्थ उजागर गरेको प्रतिक्रिया |
| ८ | बालमस्तिष्कमा पर्ने मनोवैज्ञानिक प्रभाव | सहानुभूति र सामाजिक चेतना | ३० | ८६ | विद्यार्थीमा करुणा, संवेदनशीलता र सामाजिक जिम्मेवारी बढेको देखिन्छ |
| ९ | शक्ति संरचना सम्बन्धी बोध | समाजमा असमान शक्ति संरचना छ | २८ | ८० | गरिबी व्यक्तिगत कमजोरी होइन भन्ने स्पष्ट बुझाइ |
| १० | सीप तथा मूल्य | आलोचनात्मक | ३१ | ८९ | पाठले परीक्षामुखीभन्दा |

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास | सोच र सामाजिक उत्तरदायित्व | | | जीवनोपयोगी सीप विकास गरेको निष्कर्ष |
| ११ | विभेदको व्यक्तिगत अनुभूति | अपमान, पीडा, मौनता, आत्मसम्मानमा चोट | २६ | ७४ | भाषा, व्यवहार र शक्ति प्रयोगबाट विभेद हुने अनुभव व्यक्त |
| १२ | अवस्था सुधारका सुझाव | समावेशी भाषा, समान व्यवहार, भेदभाव अन्त्य | २९ | ८३ | बहुसंख्यकले भाषा सुधार र गैर-भेदभाव नै समाधानको बाटो भने |
| १३ | कथाको मुख्य सन्देश | समानता, मानवता, अवसरको न्याय | ३० | ८६ | सबाल्टर्न बालबालिकाको आवाज सुन्नुपर्छ भन्ने सन्देश प्रमुख |

प्रस्तुत तालिकाले कक्षा ११ का विद्यार्थीहरूमा सबाल्टर्न अवधारणा र 'फुटपाथ मिनिस्टर' कथाको शैक्षिक-सामाजिक प्रभाव स्पष्ट रूपमा उजागर गरेको छ। ८६ प्रतिशत विद्यार्थीहरुले सबाल्टर्नलाई दलित, महिला, बालबालिका, श्रमिक जस्ता समूहसँग जोडेर बुझेका छन् भने ८० प्रतिशत विद्यार्थीहरुले यसलाई मौन होइन, अचेत र प्रतिरोधी समूहको रुपमा बुझेका छन्। यसै गरी ८३ प्रतिशत विद्यार्थीहरुले सबाल्टर्नको मुख्य समस्या शक्ति संरचनामा पहुँच नहुनु रहेको र ८९ प्रतिशत विद्यार्थीले यसलाई साहित्य, सामाजिक सञ्जाल र आन्दोलनको माध्यमबाट प्रभावकारी रुपमा बुझेका छन्। यसै गरी, ७७ प्रतिशत विद्यार्थीहरुले सबाल्टर्नको अवधारणा कमजोर नभई जटिल र बहुअर्थक भएका व्यक्त गरेका छन् भने सबैभन्दा बढी ९४ प्रतिशत विद्यार्थीले निरीह तथा गरिब बालजीवनलाई प्रतिनिधिन्व गरेको अनुभूति गरेका छन्। फुटपाथ मिनिस्टर कथाले मनोरञ्जनभन्दा सामाजिक यथार्थ उजागर गरेको प्रतिक्रिया ९१ प्रतिशत विद्यार्थीहरुले दिएका छन् भने ८६ प्रतिशत विद्यार्थीहरुले यसलाई करुणा, संवेदनशीलता र सामाजिक जिम्मेवारीका बारेमा बुझेका छन्। नेपालमा गरिबी व्यक्तिगत कमजोरी मात्र नभएको बुझाई ८० प्रतिशत विद्यार्थीहरुममा रहेको देखिन्छ। यसै क्रममा यस कथा ८९ प्रतिशत विद्यार्थीहरुका लागि परीक्षामुखी भन्दा जीवनोपयोगी सीप विकासको रुपमा रहेको प्रतिक्रिया रहेको छ भने ७४ प्रतिशत विद्यार्थीहरुले यसलाई भाषा, व्यवहार र शक्ति प्रयोगबाट विभेद हुने कुरामा सहमती व्यक्त गरेका छन् । यसै गरी, ८३ प्रतिशत विद्यार्थीहरुले भने भाषा सुधार र गैर-भेदभाव नै समाधानको बाटो भन्ने अर्थमा यसलाई चित्रण गरेका छन् भने ८६ प्रतिशत विद्यार्थीहरुले सबाल्टर्न बालबालिकाको आवाज हरेक निकायले सुन्नुपर्छ भन्ने भावना व्यक्त गरेको देखिन्छ।

## निष्कर्ष

रमेश विकलको चर्चित प्रगतिवादी कथा 'फुटपाथ मिनिस्टर' कथाले शोषणप्रति घृणा र शोषितप्रति गहिरो सहानुभूति व्यक्त गरेको छ। इतिहासविहीन, आवाजविहीन, निमुखा वर्ग र सीमान्तकृत

पात्रहरुको जटिल जीवनलाई मुख्य विषयका रूपमा उठाएर उनीहरुको पीडालाई जस्ताको तस्तै प्रस्तुत गरेको छ । कथाका पात्रहरु **गोरे, जघने, टिकी, भोटे** लगायत अरू पनि सबाल्टर्न पात्रहरु हुन् । उनीहरु गाँस, बास र कपासको अभावमा कष्टकर जीवन बिताउन बाध्य छन् । उनीहरु सडकमा बसेर माग्छन् । पानी चुहिने पाटीमा गुडुल्को परेर सुत्छन् । यस्तो अवस्थामा पनि उनीहरुमा प्रतिरोधको चेतना विकसित भइसकेको छैन । यस्तै अवस्थामा पनि उनीहरु रमाइरहेका छन् । अध्ययनले केन्द्रको प्रभुत्वसँग जुध्न र आफ्नो अधिकारका लागि आवाज उठाउन ज्ञानको प्रादुर्भाव हुन आवश्यक रहेको विचारलाई जोड दिएको छ ।

कक्षा ११ का विद्यार्थीहरूमा सबाल्टर्न अवधारणा र 'फुटपाथ मिनिस्टर' कथाले गहिरो शैक्षिक-सामाजिक प्रभाव पारेको स्पष्ट देखिन्छ । विद्यार्थीहरूले सबाल्टर्नलाई केवल पिछडिएका समूह नभई सचेत, प्रतिरोधी र सामाजिक संरचनामा आवाज उठाउन सक्ने पात्रका रूपमा बुझ्न थालेका छन, जसले पाठ्यक्रम र कथाको प्रभावकारिता पुष्टि गर्छ । कथाले सहानुभूति, सामाजिक चेतना, आलोचनात्मक सोच र जिम्मेवारी विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । पाठ्यक्रमले सामाजिक असमानता, शक्ति-शक्तिहीनताको द्वन्द्व र सामाजिक विभेदबारे विद्यार्थीलाई आलोचनात्मक दृष्टिले सोच्न उत्प्रेरित गरेको छ । केही विद्यार्थीले व्यक्तिगत अनुभव खुलस्त रूपमा व्यक्त नगरेको वा सामाजिक दबाबका कारण प्रतिक्रिया सीमित भएको पाइएको छ, जसले पाठ्यक्रम र कथामा अझ संवादमुखी र स्पष्ट बनाउने आवश्यकता संकेत गर्छ । समग्रमा, 'फुटपाथ मिनिस्टर' कथाले साहित्यको सीमित मनोरञ्जनात्मक मूल्यभन्दा पर, सामाजिक शिक्षाको सशक्त माध्यमको रूपमा काम गरेको छ । कथाले समावेशी भाषा, समान व्यवहार र गैर-भेदभावलाई सामाजिक रूपान्तरणको आधारको रूपमा स्थापित गर्दै विद्यार्थीमा नैतिक चेतना र सामाजिक उत्तरदायित्वको विकासमा योगदान पुऱ्याएको निष्कर्षमा पुगिन्छ ।

## सन्दर्भ सूची

अवस्थी, महादेव (२०६५), (सम्पा.) *नेपाली कथा भाग २,* ललितपुर : साझा प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रिएसन ।

चापागाई, निनु (२०६०), *समाज र संस्कृति,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

पोखरेल, गोकुल (२०७१), *विशेष प्रायोगिक नेपाली समालोचना,* सिरहा : गोलबजार ।

बार्कर, क्रिस (ई.२०००), *कल्चरल स्टडिज थ्यौरी एन्ड प्राक्टिस,* लन्डन, सेज पब्लिकेसन ।

मरहट्टा, प्रभा (२०२१), *मसान नाटमा सबाल्टर्न,* नुटा जर्नल, ८ (१-२), १७३-१८४) ।

वाग्ले, महेन्द्र, (२०२३), *नेपाली दोहोरी गीतमा सबाल्टर्न,* पाटन प्रोस्पेक्टिभ जर्नल, ३ (०१), २३७-२४९)।

शिवाकोटी, सीता (२०७१), *फुटपाथ मिनिस्टर कथाको अध्ययन,* गोलबजार ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्ठा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, अभि (२०६८), *सबाल्टर्न, इतिहास र बोली,* डिस्कोर्स पब्लिकेसन ।

Beauvoir, S. de. (1952). *The second sex* (H. M. Parshley, Trans.). Alfred A. Knopf.

Foucault, M. (1972). *The archaeology of knowledge* (A. M. Sheridan Smith, Trans.). Pantheon Books.

Gramsci, A. (1971). *Selections from the Prison Notebooks* (Q. Hoare & G. N. Smith, Eds. & Trans.). International Publishers.

Guha, R. (1983). *Elementary aspects of peasant insurgency in colonial India* :https://berhamporegirlscollege.ac.in/uploads/5545PG.-2-Elementary-Aspects-of-Peasant-Insurgency-in-Colonial-India-by-Ranajit-Guha-27-05-2020.pdf

Magarati, S. L., & Bist, R. B. (2025). Discrimination and Resistance: An Analysis of Discourse and Counter Discourse in an Anthology of Nepali Poetry. Contemporary *Research: An Interdisciplinary Academic Journal*, 8(1), 203–218. https://doi.org/10.3126/craiaj.v8i1.79903

Nepali, B. B., & Neupane, B. K. (2025), Metaphysics of Nepali Society: Analysis from Power and Class Dimension. *NPRC Journal of Multidisciplinary Research*, 2 (5), 23–32. https://doi.org/10.3126/nprcjmr.v2i5.79670

Shrestha, T. L. ., Shrestha, B., Senehang, D., Timsina, B. S., & B.K., P. (2021). Seeking the Subaltern Consciousness in Nepali Cinema. *JODEM: Journal of Language and Literature*, 12(1). 126–145. https://doi.org/10.3126/jodem.v 12i1.38728

Spivak, G. C. (1988). *Can the subaltern speak?* In C. Nelson & L. Grossberg (Eds.), *Marxism and the Interpretation of Culture* (pp. 271–313). University of Illinois Press.

Thompson, E. P. (1971) The moral economy of the English crowd in the eighteenth century. *Past & Present*, 50, 76–136.